# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८
## आठराई गाउँपालिका
## तेह्रथुम




महालेखापरीक्षकको कार्यालय

काठमाडौं,

महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu,

**प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्याः २०७८।७९

च.नं. १३८ मितिः २०७८।५।४

बिषयः लेखापरीक्षण प्रतिबेदन ।

श्री अध्यक्षज्यू,
आठराई गाउँपालिका ,
गाउँकार्यपालिकाको कार्यालय, तेह्रथुम ।

नेपालको संबिधानको धारा २४१ बमोजिम त्यस गाउँपालिकाको आर्थिक बर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिबेदन जारी गरीएको छ । उक्त प्रतिबेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागी अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय  व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

**प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्याः०७८/७९ मितिः २०७८।५।४

च.नं- १३७

श्री अध्यक्षज्यू,

आठराई गाउँपालिका ,

गाँउकार्यपालिकाको कार्यालय, तेह्रथुम ।

विषयः लेखापरीक्षण प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले आठराई गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तिय विवरण तयार गरेको छैन।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।२।२५मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रिया प्राप्त भएतापनि फछ्यौट हुनसक्ने प्रमाण संलग्न भै नआएकाले बेरुजु फछ्र्यौट हुन नसकेकोले अन्तीम प्रतिवेदन पाना १९ यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षणबाट रु.९ करोड ७५ लाख १० हजार बेरुजू देखिएको छ । सो मध्ये असुलगर्नुपर्ने रु.१५ लाख १७ हजार, नियमित गर्नुपर्ने रु.४ करोड ५२ लाख७१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५ करोड ७ लाख २२ हजार रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व एकीन हुने कुनै जानकारी खुलाएको छैन ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामान तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालीका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

**आठराई गाउँपालिका,तेह्रथुम**

**लेखापरीक्षण प्रतिबेदन**

**आर्थिक बर्ष :२०७६/०७७**

**परिचय**–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, १६७.०७ वर्ग किलोमिटर क्षेत्रफल तथा २१७४७ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम आठराई गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालन ऐन अनुसार भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७६।०७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

एकीकृत आय ब्यय बिबरण २०७६/७७

| सि नं | आयतर्फ | | | सि नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | जम्मा रकम | | विवरण | रकम | जम्मा रकम |
| **1** | **गत वर्षकोबैंक मौज्दात** | | ३२११०३२८.९१ | **1** | **आन्तरिकश्रोत तथा राजस्वबाँडफाँडबाट चालु खर्च** | | |
| **2** | **राजस्वप्राप्ती** | | | 1.1 | आन्तरिक श्रोत | ८२२६१४.४ | |
| 2.1 | आन्तरिकराजस्व | २२१९३०५.२८ | | 1.2 | संघीय सरकारराजस्व बाँडफाँड | ३४५१६४२७.५२ | |
| 2.2 | संघीयसरकार राजस्व बाँडफाँड | ४९०७२३३४.७४ | | 1.3 | प्रदेश सरकारराजस्व बाँडफाँड | १०४९४२६.०० | ३६३८८४६७.९२ |
| 2.3 | प्रदेशसरकार राजस्व बाँडफाँड | ३३३२३१७.४२ | | **2** | **संघीय सरकारबाटप्राप्त अनुदान चालु खर्च** | | |
| 2.4 | अन्य आय | ०.०० | ५४६२३९५७.४४ | 2.1 | संघीय सरकार समानिकरण अनुदान | १९९४९९३२.८५ | |
| **3** | **संघीयसरकारबाट प्राप्त अनुदानहरु** | | | 2.2 | संघीय सरकार शसर्तअनुदान | १९५७३६७५८.८७ | २१५६८६६९१.७२ |
| 3.1 | संघीयसरकार ससर्त अनुदान | २२०९०५०००.०० | | **3** | **प्रदेश सरकारबाटप्राप्त अनुदान चालु खर्च** | | |
| 3.2 | संघीयसरकार समानिकरण अनुदान | ९६७०००००.०० | | 3.1 | प्रदेश सरकार समानिकरणअनुदान | १७४९३२१.०० | |
| 3.3 | संघीयसरकार समपुरक अनुदान | ०.०० | | 3.2 | प्रदेश सरकार शसर्तअनुदान | ५५००००.०० | |
| 3.4 | संघीयसरकार विशेष अनुदान | ०.०० | ३१७६०५०००.०० | 3.3 | प्रदेश सरकार विशेषअनुदान | ५९१०००.०० | २८९०३२१.०० |
| **4** | **प्रदेशसरकारबाट प्राप्त अनुदानहरु** | | | **4** | **आन्तरिक श्रोत तथाराजस्वबाँडफाँडबाट पूँजिगत खर्च** | | |
| 4.1 | प्रदेशसरकार शसर्त अनुदान | २०३१५०००.०० | | 4.1 | आन्तरिक श्रोत | ६०११२१२.१६ | |
| 4.2 | प्रदेशसरकार समानिकरण अनुदान | ६९८४०००.०० | | 4.2 | संघीय सरकारराजस्वबाँडफाँड | ८७८७८८३.०० | |
| 4.3 | प्रदेशसरकार विशेष अनुदान | २५९१०००.०० | | 4.3 | प्रदेश सरकारराजस्वबाँडफाँड | ४०८७०७१.०० | १८८८६१६६.१६ |
| 4.4 | प्रदेशसरकार समपुरक अनुदान | १००००००००.०० | ३९८९००००.०० | **5** | **संघीय सरकारबाटप्राप्त अनुदान पूँजिगत खर्च** | | |
| **5** | **सामाजिकसुरक्षा** | | ५६४७९६००.०० | 5.1 | संघीय सरकार समानिकरणअनुदान | ४२०५१०३०.०० | |
| **6** | **गरिवसँगविश्वेश्वर कार्यक्रम** | | ४९५०००.०० | 5.2 | संघीय सरकार शसर्तअनुदान | १११५७३८.५० | ४३१६६७६८.५० |
| **7** | **राष्ट्रपतिमहिला उत्थान कार्यक्रम** | | ०.०० | **6** | **प्रदेश सरकारबाटप्राप्त अनुदान पूँजिगत खर्च** | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **8** | **स्थानीयविकास साझेदारी कार्यक्रम** | | ५०४२५८२.०० | 6.1 | प्रदेश सरकार समानिकरणअनुदान | २३१४९५२.०० | |
| **9** | **राष्ट्रियपरिचय पत्र तथा पञ्जिकरण** | | ९८५५९०.०० | 6.2 | प्रदेश सरकार शसर्तअनुदान | १२८७९२५१.०० | |
| **10** | **पर्यटनपुर्वाधार विकास योजना** | | ०.०० | 6.3 | प्रदेश सरकार विशेषअनुदान | १९७१४५५.०० | १७१६५६५८.०० |
| **11** | **स्थानीयप्रकोप व्यवस्थापन कोष** | | | **7** | **सामाजिक सुरक्षा** | | ५६४७९६००.०० |
| 11.1 | गत वर्षकोबैंक मौज्दात | ८५०००.०० | | **8** | **गरिवसँग विश्वेश्वरकार्यक्रम** | | ४१७०००.०० |
| 11.2 | यस आर्थिकवर्षको आम्दानी | ४४४९४६५.१० | ४५३४४६५.१० | **9** | **स्थानीय विकाससाझेदारी कार्यक्रम** | | ५०४२५८२.०० |
| **12** | **धरौटी खाता** | | | **10** | **राष्ट्रिय परिचय पत्रतथा पञ्जिकरण** | | ९८५५९०.०० |
| 12.1 | गत वर्षकोबैंक मौज्दात | ४५०७१८.०० | | **11** | **स्थानीय प्रकोपव्यवस्थापन कोष** | | ३५१५४४०.०० |
| 12.2 | यस आर्थिकवर्षको धरौटी जम्मा | १५००००.०० | ६००७१८.०० | **12** | **धरौटी खाता** | | ०.०० |
| **13** | **कर्मचारीकल्याण कोष** | | | **13** | **कर्मचारी कल्याणकोष** | | ०.०० |
| 13.1 | गत वर्षकोबैंक मौज्दात | २७९५१३.०० | | **14** | **सूचना प्रविधि अधिकृतपारिश्रमिक** | | ०.०० |
| 13.2 | यस वर्षकोकल्याणकोष जम्मा | ७५०७२.०० | ३५४५८५.०० | **15** | **ग्रामिण उद्यम तथाविप्रेषण आयोजना** | | २२४९१५.०० |
| **14** | **विविध खर्चखाता** | | ०.०० | **16** | **जम्मा बैंक मौज्दात** | | ११२५३७२७०.१५ |
| **15** | **सूचनाप्रविधि अधिकृत पारिश्रमिक** | | २२५८४४.०० | 16.1 | नगद मौज्दात | ०.०० | |
| **16** | **ग्रामिणउद्यम तथा विप्रेषण आयोजना** | | ३१२८००.०० | 16.2 | आन्तरिक श्रोत र अल्यामौज्दात | २७४९५८०७.६३ | |
| **17** | संचितकोषमाजम्मा भएको धरौटी | | १२६०००.०० | 16.3 | समानिकरण अनुदान संघीयसरकार | ३४६९९०३७.१५ | |
| | | | | 16.4 | शसर्त अनुदान संघीयसरकार | २४०५२५०२.६३ | |
| | | | | 16.5 | संघीय सरकारराजस्वबाँडफाँड | ५७६८०२४.२२ | |
| | | | | 16.6 | प्रदेश सरकार समानिकरणअनुदान | २९१९७२७.०० | |
| | | | | 16.7 | प्रदेश सरकार शसर्तअनुदान | ६८८५७४९.०० | |
| | | | | 16.8 | प्रदेश सरकार विशेषअनुदान | २८५४५.०० | |
| | | | | 16.9 | प्रदेश सरकारराजस्वबाँडफाँड | -१८०४१७९.५८ | |
| | | | | 16.10 | प्रदेश सरकार समपुरकअनुदान | १००००००००.०० | |
| | | | | 16.11 | धरौटी खाता | ६००७१८.०० | |
| | | | | 16.12 | कर्मचारी कल्याणकोष | ३५४५८५.०० | |
| | | | | 16.13 | सूचना प्रविधि अधिकृतपारिश्रमिक | २२५८४४.०० | |
| | | | | 16.14 | ग्रामिण उद्यम तथाविप्रेषण आयोजना | ८७८८५.०० | |
| | | | | 16.15 | गरिवसँग विश्वेश्वरकार्यक्रम | ७८०००.०० | |
| | | | | 16.16 | संचितकोषमा जम्मा भएकोधरौटी | १२६०००.०० | |
| | | | | 16.17 | स्थानीय प्रकोपव्यवस्थापन कोष | १०१९०२५.१० | |
| | **जम्मा रकम** | | ५१३३८६४७०.४५ | | **जम्मा रकम** | | ५१३३८६४७०.४५ |

| कार्यालयः— आठराई गाँउपालिका ,तेह्रथुम । | | आर्थिक बर्ष—२०७६-०७७ |
|---|---|---|
| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | बेरुजू रकम |
| | **असुलीको स्थितिः-** लेखापरीक्षणको क्रममा रु.२२४२६ असुली भएको छ। | |

| कार्यालयः— आठराई गाँउपालिका ,तेह्रथुम । | | आर्थिक बर्ष—२०७६-०७७ |
|---|---|---|
| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | बेरुजू रकम |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेतापनि सबै आर्थिक कारोवारको लेखांकन हुने गरी प्रविष्ट गरेको पाइएन ।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी पालिकाले आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा तयार गरेको पाईएन। यसरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन नगर्दा देहायको बिषयहरुमा कमि कम्जोरी देखिन गएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । | |

| कार्यालयः— आठराई गाँउपालिका ,तेह्रथुम । | | आर्थिक बर्ष—२०७६-०७७ |
|---|---|---|
| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | बेरुजू रकम |
| | • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति एवं बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई यथासमयमै नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता अनुसार गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने | |

<table>
<tr><td colspan="2">कार्यालयः— आठराई गाँउपालिका ,तेह्रथुम ।</td><td>आर्थिक बर्ष—२०७६-०७७</td></tr>
<tr><td>दफा</td><td>लेखापरीक्षणबाट देखिएको ब्यहोरा</td><td>बेरुजू रकम</td></tr>
<tr><td></td><td>आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ २३ र प्रशासनिकतर्फ २६ समेत ४९ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा १९ मात्र पदपूर्ती भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्ष भरीमा रु.१७,४४,९४,८४५तलव भत्ता खर्च लेखेको पाईयो ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधाको सम्बन्धी ऐन २०७५ मा मासिक अनुगमन भत्ता भुक्तानी गर्दा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेमा रु.७२०००० अनुगमन प्रतिवेदन पेश गरेको पाइएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३.</td><td>अनुदान फिर्ता — संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान आर्थिक बर्षको अन्त्य सम्म खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । खर्च नभई बर्षान्तमा बाँकी रहेको निम्नानुसारको रकम लेखापरीक्षण अवधी सम्म पनि सम्बन्धित कोषमा फिर्ता गर्नुपर्नेमा नगरेकोले अविलम्व सम्बन्धित संचित कोष फिर्ता गर्नुपर्ने रु
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>सशर्त</td><td>२२०९०५०००</td><td>१९६८५२४९७</td><td>२४०५२५०२</td></tr>
<tr><td>प्रदेश सशर्त अनुदान</td><td>सशर्त</td><td>२०३१५०००</td><td>१२८७९२५१</td><td>७४३५७४९</td></tr>
<tr><td>विशेष अनुदान</td><td>बिशेष</td><td>२५९१०००</td><td>१९७१४५५</td><td>६१९५४५</td></tr>
<tr><td>समपुरक अनुदान</td><td>समपुरक</td><td>१००००००००</td><td>०</td><td>१००००००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td>४२१०७७९६</td></tr>
</table></td><td>४२१०७७९६</td></tr>
<tr><td>४.</td><td>जिम्मेवारीः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२मा ब्यबस्था भए अनुसार पालिकाले आफ्नो आय ब्यय को हिसाब राख्नु पर्दछ । गत बर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार गाउँपालिकाको बाँकी मौज्दात रु.३१८६४६७०.२८ देखिएकोमा यस बर्ष रु.३२११०३२८.९१ जिम्मेवारी सारेको छ । बढी जिम्मेवारी सारेको रु.२४५६५८.६३ सम्बन्धमा कार्यालयले एकिन गरी सोको हिसाव मिलान गर्नुपर्ने रु</td><td>२४५६५८</td></tr>
</table>

| कार्यालयः— आठराई गाँउपालिका ,तेह्रथुम । | | आर्थिक बर्ष—२०७६-०७७ |
|---|---|---|
| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | बेरुजू रकम |

**योजना तर्जुमा, बजेट तथा कार्यक्रम**

५. **न्यायिक समिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष कुल ५ विवाद दर्ता भएकोमा ४  मात्र फछ्र्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।

६. **चौमासिक पूँजीगत खर्च—** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ अनुसार स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | चौमासिक खर्च (रु.हजारमा) | | |
|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक |
| | कूल खर्चः | ० | ० | ६३२५२८५० |
| | खर्च प्रतिशत | ० | ० | १०० |

पूँजीगत खर्च शीर्षकमा भएको खर्च मध्ये शतप्रतिशत खर्च तेस्रो चौमासिकमा भएको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप अन्तिम चौमासिकमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

**समानीकरण अनुदान चालुतर्फः**

७. **कर्मचारी करार**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्थाछ । त्यसैगरी सोही ऐनको को दफा ८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेकोछ। पालिकाले विभिन्न ८ पदमा कर्मचारीहरु करारमा राखी रु. ४४,२२,८१० खर्च लेखेको छ ।

८. **बील भरपाईः** आर्थिक कर्यविधि नियमावली २०६४ को नियम ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ । कार्यालयले निम्न भौ.नं. र मितिबाट बिभिन्न आवश्यक सामान खरिद, मर्मत संभार लगायतको खर्च रकम भुक्तानी दिएकोमा वितरण भरपाई एवं सक्कल भौचर संलग्न नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु — बेरुजू रकम: ५२२०७६

| गो.भौ.नं. | विवरण | रकम |
|---|---|---|
| २६४ | त्रिपाल खरिद तथा वितरण बिल बहादुर कन्दुङ्वा १२ थान त्रिपाल वितरणको भरपाई पेश नभएको | ३०००० |
| ८९ | ईनर्जी भिजन कम्प्युटर प्रा लि को सक्कल भौचर पेश हुनुपर्ने | ४९२०७६ |
| जम्मा | | ५२२०७६ |

९. **आर्थिक सहायता**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले यो वर्ष व्यक्ति एवं संघ संस्थालाई रु.१७,८७,५७५आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।यसका केही उदाहरणहरु देहाय अनुसार छन् ।

| गो.भौ.नं. | सहायता प्राप्त गर्ने व्यक्ति | प्रयोजन | रकम |
|---|---|---|---|

| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| १५३ | रणमाया कन्दङ्वा | उपचार खर्च | २०००० |
| १५४ | हर्क बहादुर कन्दङ्वा | उपचार खर्च | २०००० |
| १६२ | हेमन्त ढुङ्गाना | उपचार खर्च | १५००० |
| १६३ | कुल प्रसाद दर्जि | उपचार खर्च | २०००० |
| १६४ | लिला प्रसाद श्रेष्ठ | उपचार खर्च | २०००० |
| १९८ | सर्न बहादुर दमाई | उपचार खर्च | १०००० |
| जम्मा | | | १०५००० |

१०. **वितरणमुखी खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानिय तहले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा बृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्दछ । पालिकाले बिभिन्न संघ संस्था, समुह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा रकम उपलब्ध गराएको छ । यस्ता संस्था, समुह, पर्व, जात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी अवस्था समेत छैन । पालिकाले वितरणमुखी कार्यमा गरेको खर्चका केही उदाहरण निम्नानुसार छन् ।

| गो.भौ.नं. | विवरण | रकम |
|---|---|---|
| १८१ | सितल छहारी युवा क्लवको लागि खेलकुद सामाग्री खरिद तथा वितरण | ६८८६७ |
| १०० | गाउँपालिका स्तरीय बिभिन्न खेलकुद कार्यक्रम | ८५०००० |
| २७१ | वडा १ देखि ५ सम्मको बिद्यार्थिलाई पोशाक वितरण | ४९८४९९ |
| १४३ | खेलकुद बिकास समिति खेल कार्यक्रम वडा नं २ | ४३२२७४ |
| २२० | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | ७०००० |
| २२२ | दलित लक्षित कार्यक्रम अन्तरगत खाद्यान्न वितरण | २५००० |
| २२३ | महिला लक्षित कार्यक्रम | ४९२२० |
| २३० | संस्कृत भाषा शिक्षण कार्यक्रम | ४८५०० |
| २३१ | जेष्ठ नागरिक तथा अपाङ्ग सम्मान कार्यक्रम | ४८४६३ |
| २८३ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ४४८२० |
| १४७ | माघी मेलाको लागि माघी मेला व्यवस्थापन संचालन समितिलाई भुक्तानी | १८५२३१ |
| १४९ | भगिमान सिंह तुम्बाहाम्फे स्मृति प्रतिष्ठानलाई भुक्तानी | १००००० |
| २० | कृषकहरुलाई किवीको बोट वितरण | ९९२०० |
| २४ | जनता आधारभुत विद्यालय व्यवस्थापन | १५०००० |
| ३६ | ७७ जना कृषकहरुलाई घाँसको वीऊ वितरण | १७८००० |
| ३७ | पशु औषधी खरिद तथा वितरण | १८२०५५ |
| ३९ | पशु औषधी खरिद तथा वितरण | ३०३८८३ |
| ४० | सामुदायिक होमस्टे आठराई | १५०००० |
| ४७ | थोक्लुङ् कृषक सहकारी संस्था लि | ३०४०९५ |
| ४९ | सामथाङ् आधारभूत विद्यालय व्यवस्थापन खर्च | ५०००० |
| ६७,६८ | औषधी तथा मकैको वीऊ खरिद | ३००००० |
| ६९ | मुलपानी कृषि तथा पशु पालन कृषक समूह बोका खरिद अनुदान | ७३२०० |
| ७४ | गौरी शंकर कृषि सहकारी संस्थालाई बोका खरिद अनुदान | ७०८७५ |
| ७५ | फुङ्सीङ् बहुउद्देश्यीय कृषक समूहलाई बोका खरिद अनुदान | ७०५०० |
| ७६ | गौरी शंकर बहुउद्देश्यीय मिश्रित समूह | ७१२५० |
| ८८ | सन्ना बृहत नर्सरीबाट विभिन्न फलफूलको विरुवा खरिद तथा वितरण | २२६२५० |
| ९४ | ह्यातुङ् झरना क्याम्पसको कार्यालय व्यवस्थापन तथा फर्निचर खरिद | २९९४५० |
| ९५ | विपन्न परिवारलाई जस्तापाता खरिद तथा वितरण | ९९०६७ |
| ९६ | विपन्न परिवारलाई पाईप खरिद तथा वितरण | १९२५९८ |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| ९८ | राम संस्कृत मा वि को लागि कम्प्युटर खरिद | १००००० |
| १०९ | वडा नं ५ मा तरकारीको वीऊ वितरण | २००००० |
| ११३ | वार्षिक उत्सव तथा अभिभावक भेलाको लागि २२ वटा विद्यालयमा अनुदान | ३५५००० |
| ११४ | शैक्षिक गुणस्तर विकास कार्यक्रमको लागि ७ वटा विद्यालयलाई कम्प्युटर वितरण | ४३७५०२ |
| ११८ | प्रहरी चौकीको लागि फर्निचर खरिद | ४९७२० |
| ११९,१२० | वडा नं १ मा बाखा खरिद तथा वितरण | २००००० |
| १२२ | वडा १ मा फर्निचर खरिद तथा वितरण | ९९७२० |
| १२३ | वडा नं १ मा बंगुर खरिद तथा वितरण | १००००० |
| १२५ | राम संस्कृत मा वि को लागि फर्निचर खरिद | ९९८९२ |
| १२६ | पञ्चकन्या आधारभूत मा वि को लागि फर्निचर खरिद | ७४५८० |
| १२८ | पुरानो गाउँ आभारभूत विद्यालयको लागि कार्यालय व्यवस्थापन | ९७७०० |
| १२९ | वडा नं १ मा वंगुर खरिद तथा वितरण | १००००० |
| १३५ | वडा स्तरिय गोठ सुधार कार्यक्रम | ४००००० |
| १३६ | वडा नं ४ कृषकहरुलाई फलफुलको विरुवा वितरण | २००००० |
| १६४ | वडा नं १ मा कृषकहरुलाई टनेल वितरण | २२८६५० |
| १८४ | वडा नं ७ मा कृषकहरुलाई फलफुलको विरुवा वितरण | ३००००० |
| १९० | वडा नं ३ मा कृषकहरुलाई रासायनिक मल वितरण | ३००००० |
| जम्मा | | ८५८४०६१ |

यस प्रकारको वितरणमूखी कार्यलाई पालिकाले नियन्त्रण गर्नुपर्दछ ।

११. **खाना तथा विविध खर्च**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविध तर्फ मात्र रु.३९९९०००खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

१२. **भुक्तानीमा कर**- आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायका भुक्तानीमा अग्रीम कर कट्टी गर्नुपर्नेमा कर कट्टी नगरेकाले उक्त कर रकम असुल हुनुपर्ने रु. — १५०

| गो.भौ.नं. | आपूर्तक वा व्यक्ति | अपुग कर रकम |
|---|---|---|
| ३ | भुक्तानीमा कर कटी | १५० |

१३. **भ्रमण खर्चः** कार्यालयले पदाधिकारी तथा कर्मचारिहरुलाई एकै समयको दोहोरो सुबिधा लेख्न मिल्दैन । यस कार्यालयका पदाधीकारी तथा कर्मचारीहरुले बिभिन्न मितिमा भएका बैठकहरुमा उपस्थित भएको समयको बैठक भत्ता भुक्तानी लिई सकेपछि पुनः सोही समयको दैनिक भ्रमण भत्ता भुक्तानी लिएको देखियो । यसरी एकै समय अवधीको दोहोरो सुबिधा लिन र दिन नमिल्ने हुँदा दैनिक भ्रमण भत्ता वापतको रकम असुल गर्नुपर्ने रु. — २८३०००

| गो.भौ.नं. | पदाधिकारी तथा कर्मचारी | रकम |
|---|---|---|
| ९३ | गा पा अध्यक्ष मान बहादुर लिम्बु | ५२०० |
| | गा पा अध्यक्ष मान बहादुर लिम्बु | १४८०० |
| | गा पा उपाध्यक्ष रुपा देवि कन्दङ्वा | ५२०० |
| १४६ | वडा ६ अध्यक्ष तेज प्रसाद कन्दङ्वा | ९२०० |
| | वडा ६ अध्यक्ष तेज प्रसाद कन्दङ्वा | ७८०० |
| | वडा ६ अध्यक्ष तेज प्रसाद कन्दङ्वा | ९२०० |
| | वडा ६ सचिव सुन्दर प्रसाद कन्दङ्वा | ६८५० |
| | वडा ६ सचिव सुन्दर प्रसाद कन्दङ्वा | ८२५० |
| | वडा ६ सचिव सुन्दर प्रसाद कन्दङ्वा | ८२५० |

| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | | | बेरुजू रकम |
|---|---|---|---|---|
| | १८९ | वडा १ सचिव रामचन्द्र खत्री | ९५०० | |
| | | वडा १ सचिव रामचन्द्र खत्री | ९५०० | |
| | | वडा १ अध्यक्ष कमल बहादुर लिम्बु | ९५०० | |
| | | वडा १ अध्यक्ष कमल बहादुर लिम्बु | ९५०० | |
| | २८१ | वडा ३ अध्यक्ष भिष्म राज डाँगी | ९५०० | |
| | | वडा ३ अध्यक्ष भिष्म राज डाँगी | ९५०० | |
| | | वडा ३ अध्यक्ष भिष्म राज डाँगी | ९५०० | |
| | | वडा ३ अध्यक्ष भिष्म राज डाँगी | ९५०० | |
| | | वडा ३ अध्यक्ष भिष्म राज डाँगी | १४७५० | |
| | २८४ | वडा २ अध्यक्ष दिल कुमार पाहिम | ७५०० | |
| | | वडा २ अध्यक्ष दिल कुमार पाहिम | ९३०० | |
| | २८६ | वडा ४ अध्यक्ष श्याम कुमार भट्टराई | ७२०० | |
| | | वडा ४ अध्यक्ष श्याम कुमार भट्टराई | ६३०० | |
| | | वडा ४ अध्यक्ष श्याम कुमार भट्टराई | ७२०० | |
| | | वडा ४ अध्यक्ष श्याम कुमार भट्टराई | ६५०० | |
| | | वडा ४ अध्यक्ष श्याम कुमार भट्टराई | ९५०० | |
| | | वडा ४ अध्यक्ष श्याम कुमार भट्टराई | ११९०० | |
| | २८९ | वडा ७ अध्यक्ष रोहित कन्दङ्वा | ६३०० | |
| | | वडा ७ अध्यक्ष रोहित कन्दङ्वा | १२१०० | |
| | | वडा ७ सदस्य कुमार प्रसाद कन्दङ्वा | ६१०० | |
| | | वडा ७ सचिव जित बहादुर कन्दङ्वा | ७१०० | |
| | २९३ | वडा ५ सदस्य दिल बहादुर कन्दङ्वा | १०२५० | |
| | | वडा ५ कार्यालय सहयोगी राजेन्द्र मिश्र | १०२५० | |
| | जम्मा | | २८३००० | |
| १४. | **बील भरपाईः** कार्यालयले स्वीकृत बजेट खर्च लेख्दा खर्चको बील संलग्न गरेर मात्र खर्च लेख्नु पर्दछ । गो भौ नं २४५ मा गाउँ सभा सञ्चालन वापत खगिन्द्र तिम्सिनालाई रु.१७७५०० पेश्की दिएकोमा बिल भरपाई रु.१७५८२० मात्र पेश गरेकोले बील भरपाई वेगरको खर्च रकम असुल गर्नुपर्ने रु. | | | १६८० |
| १५. | **सामान खरिदः** गो भौ नं १३ सार्वजनिक खरिद ऐन २०६३ को दफा ४१ तथा नियमावली ६४ को नियम ८५(१) मा सोझै खरिद गर्दा अपनाउनुपर्ने व्यवस्था उल्लेख छ । कार्यालयले मसलन्द तथा कार्यालय सामाग्री खरिद वापत ढुंगाना अफसेट प्रेस एण्ड सप्लायर्सलाई रु.१५६३९५ भुक्तानी गरेकोमा अनियमितता भएको भनी आन्तरीक लेखापरिक्षणमा उल्लेख भएको बेरुजु फर्छयौट नभएको रु. | | | १५६३९५ |
| | **पूँजीगत तर्फ** | | | |
